नेपाल सरकार

# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

आन्तरिक प्रशासन शाखा

सिंहदरबार, काठमाडौं

प.सं. :- ०८२/८३

च.नं. :- आ.प्र./४१३

मिति :- वि.सं. २०८२/०९/११

ने.स. :- ११४६ पोहेलाथ्व, ७ शुक्रबार

विषय: परिपत्र ।

श्री विभाग/केन्द्र/अस्पताल/महाशाखा, सबै ।

प्रस्तुत विषयमा अर्थ मन्त्रालय, राजश्व व्यवस्थापन महाशाखा सिंहदरबार, काठमाडौंको च.नं. २१८१, मिति २०८२/०९/०३ को निर्णय कार्यान्वियन सम्बन्धी पत्र र नेपाल सरकार मन्त्रिपरिषद्को निर्णय यसै पत्रसाथ संलग्न गरी कार्यान्वयनका लागि पठाईएको बेहोरा आदेशानुसार अनुरोध छ ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Kaushal Pandey
kpandey181@gmail.com

(कौशल पाण्डे)

शाखा अधिकृत

बोधार्थ:

श्री सूचना प्रविधि शाखा

नेपाल सरकार

# अर्थ मन्त्रालय

## राजश्व व्यवस्थापन महाशाखा

सिंहदरबार, काठमाण्डौ

प.सं. :- ०८२/८३

च.नं. :- २१८१

मिति :- वि.सं. २०८२/०९/०३

ने.स. :- ११४६ थिंलागा, १४ बिहिवार

विषयः निर्णय कार्यान्वयन सम्वन्धमा ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं
दर्ता नं.:- ९३६८
दर्ता मिति:- २०८२।५।१६

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

रामशाहपथ , काठमाण्डौं

सार्वजनिक सेवा प्रवाहका लागि पेश हुने कागजातमा आय टिकटका रुपमा हुलाक टिकट टाँस्ने व्यवस्थालाई हटाउने विषयमा नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०८२।८।२९ को बैठकबाट "प्रचलित कानूनमा व्यवस्था भएकोमा बाहेक सेवा प्रवाहको प्रक्रियामा कागजातको आधिकारिकताका लागि आय टिकटका रूपमा हुलाक टिकट टाँस्ने अभ्यास, प्रचलन वा व्यवस्थालाई हटाउने" निर्णय भएको हुँदा उक्त निर्णय कार्यान्वयन गर्न तथा उक्त विषयमा प्रचलित कानुनमा आवश्यकता अनुसार सुधार तत्काल गर्नको लागि उक्त निर्णयको छायाँप्रति थान (३) समेत यसै साथ संलग्न राखी पठाइएको वेहोरा आदेशानुसार अनुरोध छ।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Satendra Mohan Gurung
satendra.gurung@mof.gov.np

(सतेन्द्र मोहन गुरुङ)

शाखा अधिकृत



about:blank

नेपाल सरकार
अर्थ मन्त्रालय
सिंहदरबार, काठमाडौं

**विषयः सार्वजनिक सेवा प्रवाहका लागि पेश हुने कागजातमा आय टिकटका रूपमा हुलाक टिकट टाँस्ने व्यवस्थालाई हटाउने।**

**प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मितिः** २०८२।८।२३

**१. विषयको सङ्क्षिप्त व्यहोराः**

सार्वजनिक तथा सरकारी सेवा प्रवाहसँग सम्बन्धित कतिपय निवेदन तथा अन्य लिखतमा आय टिकटका रूपमा हुलाक टिकट टाँस्नुपर्ने प्रचलन विभिन्न कानूनी व्यवस्था वा प्रचलनका रुपमा कायम छ। यस्तो व्यवस्थाले सेवाप्रवाह ढिलो हुने, टिकट सहज नपाइने, कतिपय अवस्थामा सेवाग्राहीले बढी रकम तिर्नुपर्ने र दुरुपयोगको जोखिमजस्ता समस्याका कारण यस्तो व्यवस्थाप्रति उद्योगी/व्यवसायी तथा सेवाग्राहीमा नकारात्मक धारणासमेत सिर्जना भएको छ। डिजिटल प्रविधिको बढ्दो प्रयोगसँगै आय टिकटका रूपमा हुलाक टिकटको प्रयोग असान्दर्भिक बन्दै गएको हुँदा सेवा प्रवाहलाई सरल र शीघ्र बनाई सुशासन प्रत्याभूत गर्न सार्वजनिक सेवामा हुलाक टिकटको प्रयोग हटाउन उपयुक्त हुने देखिन्छ।

**२. प्राप्त परामर्श तथा अन्य प्रासङ्गिक कुराः**

सार्वजनिक सेवामा आय टिकटका रूपमा हुलाक टिकट हटाउने सम्बन्धमा माग गरिएको राय/परामर्श बारे कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको मिति २०८२।८।१७ को पत्रबाट उक्त मन्त्रालयको थप राय आवश्यक नदेखिएको भनी लेखी आएको।

**३. प्रस्ताव पेश गर्नुपर्नाको कारणः**

सरकारी सेवालाई सरल, सहज र प्रभावकारी बनाउन, व्यवसाय सञ्चालनको लागत (Doing Business Cost) घटाउन र सेवा प्रवाहको प्रक्रियामा सुधार गर्न सेवा प्रवाहका लागि पेश गरिने निवेदन तथा अन्य कागजातमा आय टिकटका रूपमा हुलाक टिकट टाँस्ने व्यवस्थालाई हटाउन आवश्यक देखिन्छ। अनलाइन सेवा विस्तारसँगै आय टिकटका रूपमा हुलाक टिकटको प्रयोग असान्दर्भिक बन्दै गएको छ। सार्वजनिक सेवामा टिकटलाई अनिवार्य गर्दा सेवाग्राहीले व्यहोर्नुपर्ने समग्र लागत र झण्झटको तुलनामा सरकारले प्राप्त गर्ने राजस्व न्यून नै रहेको छ। तथापी, गैरकर राजस्वका दरमा समसामयिक परिमार्जन गरी राजस्व परिचालनलाई प्रभावकारी बनाई परिपूरण गर्न सकिन्छ। साथै, सेवाप्रवाह गर्दा लाग्ने लागत अनुरूपको सेवा, शुल्क वा दस्तुरलाई अनलाइन प्रविधिको उपयोग गरी सरल माध्यमवाट असुल गर्न सकिने अवस्थासमेत रहेको छ।

सार्वजनिक सेवा प्रवाहका लागि पेश हुने कागजातमा आय टिकटका रूपमा हुलाक टिकट टाँस्ने व्यवस्थालाई हटाउने निर्णयका लागि नेपाल सरकार, मन्त्रिपरिषदमा प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट मिति २०८२।८।२३ मा स्वीकृति प्राप्त भएकोले नेपाल सरकार(कार्यसम्पादन) नियमावली, २०६४ को अनुसूची १ को विषय सङ्ख्या ४१ बमोजिम यो प्रस्ताव पेश गरिएको छ।

सचिव (राजस्व)

४. **निर्णय हुनुपर्ने व्यहोराः**

(क) प्रचलित कानूनमा व्यवस्था भएकोमा बाहेक सेवा प्रवाहको प्रक्रियामा कागजातको आधिकारिकताका लागि आय टिकटका रूपमा हुलाक टिकट टाँस्ने अभ्यास, प्रचलन वा व्यवस्थालाई हटाउने।

(ख) खण्ड (क) बमोजिमको निर्णय कार्यान्वयन गर्न तथा उक्त विषयमा प्रचलित कानूनमा आवश्यकतानुसार सुधारको प्रक्रिया तत्काल शुरुवात गर्न सम्बन्धित मन्त्रालय/केन्द्रीय निकाय, नियामक निकाय र प्रदेश तथा स्थानीय तह समेतमा लेखी पठाउने।

मितिः २०८२।८।२३
नेपाल संवत् ११४६

(भूपाल बराल)
सचिव (राजस्व)